nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १५२ पृष्ठ ४ । बुधबार २१ माघ २०८२ । WEDNESDAY, FEBRUARY 04, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैया

## पर्सामा जसपा नेपालको किल्ला भत्किने संकेत, चारै निर्वाचन क्षेत्रमा “क्लिनस्वीप”को खतरा




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

आन्तरिक फुट, बिद्रोह र गुटबन्दीको संकट समाधान नहुँदै जनता समाजवादी पार्टी (जसपा) नेपाल निर्वाचनमा होमिँदा पर्सामा पार्टीको परम्परागत किल्ला भत्किने स्पष्ट संकेत देखिन थालेका छन् । जिल्ला तहदेखि केन्द्रसम्मका प्रभावशाली नेताहरूको निरन्तर बहिर्गमन, अन्य दलसँगको खुला तथा अघोषित समिकरण र कार्यकर्ता तहको निराशाले जसपा नेपालको सांगठनिक आधार कमजोर बन्दै गएको विश्लेषण गरिएको छ ।

पार्टी दुई चिरा भएपछि उत्पन्न असन्तुष्टि अझै साम्य नहुँदै, पर्साका स्थापित नेताहरू धडाधड नेकपा एमाले तथा अन्य दलतर्फ आकर्षित भएको चर्चाले जसपा नेपालको अवस्था झनै कमजोर बनाएको छ । पर्साका प्रभावशाली नेता प्रदीप यादव, राजेशमान सिंह, नेकपा एमालेका केन्द्रीय सदस्य विजय सरावगी तथा बहुदरमाई नगरपालिकाका मेयर सिंहासन साह तेलीबीचको राजनीतिक समिकरणले यसपटक पर्सामा जसपा नेपालको पकड गुम्ने सम्भावना बलियो बनेको छ । यसअघि नै जिल्ला स्तरका चर्चित नेता वीरेंद्र यादव, सल्लाउदिन अहदलगायत नेताहरू रामनरेश यादव र लालबाबु राउतको समूहबाट अलग भइसकेका थिए । पछिल्लो समय पूर्व जिल्ला सभापति, पूर्व प्रदेशसभा सदस्यदेखि लिएर लामो समयदेखि पार्टीमा क्रियाशील रहेका थुप्रै नेताहरू प्रदीप यादवको पक्षमा खुलेर उभिन थालेका छन्, जसले पार्टीभित्रको विभाजन अझ गहिरिएको देखिन्छ । नेकपा एमाले पर्साका अध्यक्ष डा. विश्वभर शर्माका अनुसार “जनमत भएका अधिकांश नेताहरू नेकपा एमालेमा एकत्रित हुँदै गएको र बलियो चुनावी समिकरण बनेको कारण पर्साका चारै निर्वाचन क्षेत्रमा प्रभाव परेको छ ।” उनले एमालेले चारै क्षेत्रमा जित सुनिश्चित हुने दाबीसमेत गरेका छन् । अशोक राई नेतृत्वको जसपाको पर्सामा उपस्थिति झिनो बन्दै गएको र उम्मेदवारहरूप्रति समेत चर्चा कम रहेको आम मतदाताहरूको प्रतिक्रिया छ । यसपटक पर्सामा मधेश आन्दोलनको कार्ड प्रभावकारी नहुने संकेत देखिएको राजनीतिक विश्लेषकहरू बताउँछन् । अशोक राई पक्षका पर्साका चर्चित नेता मुकेश द्विवेदीसमेत नेकपा एमालेतर्फ उभिनुले जसपाभित्रको असन्तुष्टि सतहमा आएको छ । द्विवेदीले आफ्नो पार्टीले पर्सामा उम्मेदवार नै नदिएको भन्दै त्यहाँ बसिरहनुको औचित्य सकिएको सार्वजनिक रूपमा बताएका छन् । जसपा नेपाल पर्साले क्षेत्र नं. १ मा रामनरेश यादव, क्षेत्र नं. २ मा अशोक टेमानी, क्षेत्र नं. ३ मा नागेन्द्र प्रसाद यादव र क्षेत्र नं. ४ मा कृपासिन्धु प्रसादलाई उम्मेदवार बनाएको छ । तर, आम मतदातामा जसपा नेपालप्रति आकर्षण कमजोर देखिएको छ । पर्सा क्षेत्र नं. १ मा नेकपा एमाले, नेपाली कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत दलहरूबीच कडा प्रतिस्पर्धा हुने अनुमान गरिएको छ । राजनीतिक विश्लेषकहरूका अनुसार जनमत पार्टीको अवस्था जसपा नेपालभन्दा

बाँकी तेश्रो पृष्ठमा⇨

## सशस्त्रद्वारा पर्साबाट अवैध सामान बरामद



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

सशस्त्र प्रहरी बल नेपाल, नं. १३ गण हेडक्वाटर पर्साबाट खटिएको टोलीले भारतबाट अवैध रूपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको करिब १५ लाख रुपैयाँ मूल्यको सामान नियन्त्रणमा लिएको छ । बीरगन्ज महानगरपालिका वडा नं. १४, गण्डक चोकमा चेकप्वाइन्ट राखी जाँच गर्दा करिब ५ लाख रुपैयाँ मूल्य बराबरको लत्ताकपडा बरामद भएको थियो ।

त्यस्तै, वडा नं. १६ इनर्वा क्षेत्रसहित विभिन्न सीमा इलाकामा सशस्त्र प्रहरी बलले थप अवैध सामान बरामद गरेको छ । जाँचका क्रममा भारतबाट सवारी साधनमा लुकाइछिपाइ ल्याइएको करिब ६ लाख रुपैयाँ बराबरको कपडा, मोबाइल पार्ट्स, पैसा गन्ने मेसिन, ग्यास पार्ट्स, मोटर पार्ट्स लगायतका सामग्री नियन्त्रणमा लिइएको छ । साथै, अवैध रूपमा प्रयोग भइरहेको करिब ४ लाख रुपैयाँ मूल्य बराबरको अटो रिक्सा पनि बरामद गरिएको छ । बरामद गरिएका सम्पूर्ण सामानहरू आवश्यक कानुनी कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको छ । सशस्त्र प्रहरीले सीमा क्षेत्रमा हुने अवैध ओसारपसार नियन्त्रण गर्न निगरानी र गस्तीलाई अझ कडा बनाउने जनाएको छ ।

## पर्सामा जनता समाजवादी पार्टीका दुई नगरप्रमुख एमालेमा प्रवेश



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

पर्सामा जनता समाजवादी पार्टी नेपाल (जसपा) बाट निर्वाचित दुई नगरप्रमुखले नेकपा एमालेमा प्रवेश गरेका छन् । वीरगन्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह र बहुदरमाई नगरपालिका प्रमुख सिंहासन साह तेली मंगलबार एमाले प्रवेश गरेका हुन् । जिल्लास्तरीय कार्यकर्ता भेलामा उनीहरूलाई नेकपा एमालेका उपाध्यक्ष रामबहादुर थापा ‘बादल’ले स्वागत गरेका थिए । पार्टी प्रवेशपछि उम्मेदवार हरूको उपस्थितिले पर्सा क्षेत्रमा आगामी राजनीतिक गतिविधि थप रोचक हुने संकेत दिएको छ । पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा उम्मेदवार प्रदीप यादव निकट मानिएका यी नेताहरूले मधेशवादको राजनीति छाडेर एमाले प्रवेश गरेको बताइएको छ । विश्लेषकहरूको अनुसार, यस कदमले पर्सा जिल्लामा एमालेको संगठनात्मक शक्ति र आगामी निर्वाचन रणनीतिमा प्रभाव पार्नेछ । पूर्वमन्त्री यादवले माघ ५ मा नेकपा एमाले प्रवेश गरेपछि वीरगन्जका नगरप्रमुख राजेशमान सिंह पनि कार्यक्रममा उपस्थित थिए । प्रवेश गरेका नेताहरूले आगामी स्थानीय तह र प्रतिनिधिसभा निर्वाचनमा पार्टीभित्र सक्रिय भूमिका निर्वाह गर्दै क्षेत्रीय विकास, सुशासन र रोजगारी सिर्जनामा योगदान दिने संकेत दिएका छन् । विशेषज्ञहरूले यस कदमलाई आगामी निर्वाचनको पूर्वतयारीको रूपमा हेरिरहेका छन् भने राजनीतिक समीकरणमा ठूलो फेरबदल हुने अनुमान गरिएको छ ।

## शैक्षिक योग्यता र नैतिक प्रश्नले घेरिएका रामाकान्त चौरसिया : किन क्षेत्र नं. २ छोडेर ३ रोजे ?




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२० पुस ।**

कक्षा १० सम्म मात्र अध्ययन गरेका रामाकान्त चौरसियालाई पर्सा निर्वाचन क्षेत्र नं. ३ का मतदाताले सहज रूपमा स्वीकार गर्न नसकेको देखिएको छ । क्षेत्र नं. २ स्थायी आधार क्षेत्र भए तापनि उनले क्षेत्र नं. ३ लाई पहिलो रोजाइ बनाउनुको पछाडि राजनीतिक संरक्षण र पारिवारिक सम्बन्ध मुख्य कारण भएको आरोप सार्वजनिक रूपमा उठ्न थालेको छ । रामाकान्त चौरसिया नेपाली कांग्रेसका प्रभावशाली नेता अजय चौरसियाका नातेदार भएको भन्दै क्षेत्र नं. २ मा सम्भावना हुँदाहुँदै पनि सो क्षेत्र छोडेर क्षेत्र नं. ३ मा उम्मेदवारी दिएको आरोप विपक्षी नेताहरूले खुला मञ्चमै लगाएका छन् । नेकपा एमालेका नेता तथा सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जयवन्त यादवले सार्वजनिक कार्यक्रममा बोल्दै “क्षेत्र नं. २ मा अजय चौरसिया स्वयं उम्मेदवार भएकाले नातेदारलाई क्षेत्र नं. ३ मा सारिएको” दाबी गरे । निर्माण व्यवसायी पृष्ठभूमिका चौरसियामाथि ठूला ठेक्काहरूमा अनियमितता, गुणस्तरहीन काम, अधुरा आयोजना छाडेर राज्यलाई नोक्सान पुऱ्याएको गम्भीर आरोप लाग्दै आएको छ । यस्ता आरोपले उनको नैतिक हैसियत र सार्वजनिक जिम्मेवारीमाथि प्रश्न उठाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवार बनेका चौरसियाको शैक्षिक योग्यता कक्षा १० सम्म सीमित रहेको र पैसाको बलमा मात्र चुनाव लड्न खोजेको आरोप मतदाताहरूले लगाउन थालेका छन् । क्षेत्र नं. २ मा पार्टीको अवस्था बलियो हुँदाहुँदै पनि कमजोर उम्मेदवार चयन गरिएको भन्दै रास्वपाभित्रै असन्तुष्टि र विवाद चुलिएको नेताहरू बताउँछन् । कतिपय मतदाताले “आफ्नै क्षेत्रमा मतदाता सूचीमा नाम नपरेको उम्मेदवारलाई जनताले किन भोट हाल्ने?” भन्दै गम्भीर प्रश्न उठाएका छन् । प्रतिस्पर्धामा रहेका अन्य उम्मेदवारहरू शैक्षिक रूपमा योग्य र सामाजिक-राजनीतिक योगदान भएका कारण चौरसिया जनअपेक्षामा निकै पछाडि परेको विश्लेषण भइरहेको छ । अझ चिन्ताजनक विषय के छ भने, कार्यकर्ता नपाएपछि स्कुले बालबालिकालाई प्रयोग गरेर चुनावी गतिविधि गरिएको आरोप समेत लागेको छ । बालबालिकालाई झण्डा बोकाएर फोटो तथा भिडियो सामाजिक सञ्जालमा प्रचार गरिएको दृश्यहरू भाइरल भइरहेका छन्, जसले निर्वाचन आचारसंहिताको खुलेआम उल्लङ्घन भएको भन्दै जनआक्रोश बढ्दो छ ।

शैक्षिक योग्यता, नैतिकता, राजनीतिक आधार र आचारसंहिता उल्लङ्घनका आरोपले घेरिएका रामाकान्त चौरसियाको उम्मेदवारीमाथि गम्भीर प्रश्न उठिरहेको छ, जसको जवाफ दिन उनी स्वयं र सम्बन्धित दल अझै मौन देखिएका छन् ।

## प्रेस चौतारीको भेलामा चारै निर्वाचन क्षेत्रका उम्मेदवारहरूको सहभागिता




**बीरगन्ज,२० पुस ।**

नेकपा एमाले निकट जनसंगठन प्रेस चौतारी नेपाल, पर्सा शाखाद्वारा आयोजित जिल्ला भेला कार्यक्रममा पर्सा जिल्लाका चारै निर्वाचन क्षेत्रका युवा उम्मेदवारहरू उपस्थित भएका थिए । निर्वाचन क्षेत्र नम्बर १ का प्रदीप यादव, २ का रिमा यादव, ३ का रुपेश पाण्डेय र ४ का जालिम मियाले सुशासन, विकास, रोजगारी र जनउत्तरदायी राजनीतिलाई केन्द्रमा राख्दै आफ्नो स्पष्ट भिजन प्रस्तुत गरेका थिए । कार्यक्रममा नेताहरूले पत्रकारिता र लोकतन्त्रबीचको सम्बन्ध, सत्य र जिम्मेवार पत्रकारिताको महत्व र समाज तथा देश रूपान्तरणमा सञ्चारकर्मीको निर्णायक भूमिकाबारे मन्तव्य राखेका थिए । उनीहरूको दृष्टिकोण र विचारले कार्यक्रममा उपस्थित पत्रकार तथा कार्यकर्तामा नयाँ उत्साह र विश्वास थपिएको सहभागीहरूले बताएका छन् । चारै निर्वाचन क्षेत्रमा परिवर्तनको

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

# मिथ्या सूचना नियन्त्रण

प्रतिनिधि सभा निर्वाचनको प्रभाव आयामिक पर्न थालेको छ । फागनु २१ गते हुने निर्वाचनको चहलपहल व्यापक बढेको छ । विगतभन्दा अलि भिन्न परिवेशमा यो निर्वाचन हुन लागेको छ । भदौ २३ र २४ गते देशमा विद्रोह भयो । नवपुस्ता अर्थात् जेनजीका नाममा भएको त्यो विद्रोहमा कतिपय घुसपैठ भयो, विध्वंस भए । कार्यकारिणी, विधायिका र न्यायपालिकाका भौतिक सम्पत्तिमा आगजनी, तोडफोड भयो । ती कार्य भर्त्सनायोग्य थिए । जेनजी विद्रोहलाई ती भर्त्सनायोग्य दुष्कार्यबाट अलग गराउनु पर्छ । त्यसबारे गठित आयोगले छानबिन पनि गरिरहेको हुनु पर्छ । जेनजी विद्रोहको मूल ध्येय मुलुकको आर्थिक समृद्धिसँग सम्बन्धित छ । सुशासनको चाहना छ । भ्रष्टाचारमुक्त समाजको परिकल्पना छ । देशभित्रै विस्तारित अर्थतन्त्र होस् र त्यसले लगानी, आय, उत्पादन र रोजगारी विस्तार गरोस् भन्ने चाहना छ । जेनजी विद्रोहको यी मूल ध्येयलाई संस्थागत गर्न नै प्रतिनिधि सभाको निर्वाचन हुन लागेको हो । त्यसैले यो निर्वाचनको ठुलो महत्व छ । जेनजी विद्रोहको मर्म र भावनालाई मतदाताले आत्मसात् गर्नु पर्छ । राजनीतिक दल र उम्मेदवारले पनि नयाँ परिवेशको गम्भीरतालाई बुझ्न पर्छ । कतिपय दलले यो मर्मलाई बुझेर आफैँमा सुधार गरी निर्वाचनमा गएका छन् । स्वच्छ, स्वतन्त्र र भयरहित निर्वाचनका निम्ति निर्वाचन आयोगले पनि प्रभावकारी रूपमा कार्यसम्पादन गरिरहेको छ ।मूलत: निर्वाचनमा मिथ्या सूचनाको बढी नै दुष्प्रभाव बढ्ने गरेको हुन्छ । यस्तो दुष्प्रभाव नेपालमा मात्र होइन, अन्य कतिपय लोकतान्त्रिक मुलुकमा पनि देखिन्छ । त्यसको नियन्त्रणका निम्ति प्रयास पनि अगाडि बढाइएको हुन्छ । सामाजिक सञ्जालको बढ्दो विस्तारसँगै मिथ्या र भ्रामक सूचनाको पनि दुष्प्रभाव बढेको हो । त्यसैले पनि निर्वाचन आयोगले निर्वाचनलक्षित मिथ्या सूचना, भ्रामक प्रचार र घृणाजन्य अभिव्यक्तिमा निगरानी बढाएको जनाएको छ । यस्तो निगरानी बढाउनु जरुरी नै थियो । मिथ्या सूचनाले सही विषयलाई गलत र गलत विषयलाई सही हुने अवस्थामा समेत पुर्‍याउँछ । आयोगले निर्वाचनसँग सम्बन्धित त्यस्ता मिथ्या र भ्रामक सूचना सङ्कलन, विश्लेषण गर्न थालेको छ । सम्बद्ध नियामक निकायमार्फत आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाएको छ । नियामक निकायसँगको सहकार्यमा आयोगले सूचना सदाचार एकाइ गठन नै गरेर काम गर्न थालेपछि अब मिथ्या सूचनामा बुझो लाग्न सक्ने विश्वास पनि बढेको छ । डिजिटल प्लेटफर्ममार्फत प्रचार भइरहेका निर्वाचन आचारसंहिता प्रतिकूलका सामग्रीमा मिथ्या र भ्रामक सूचनाको आयतन बढ्दै गएको थियो ।

कृत्रिम बौद्धिकताले निर्माण गरेका दुष्प्रचारका सामग्रीसमेत बढ्दै जान थालेका थिए । निर्वाचन आयोगले थालेको पछिल्लो निगरानी संरचनाले स्वच्छ सूचना सम्प्रेषण हुँदै जाने विश्वास बढ्ने छ । त्यस क्रममा आयोगले हालसम्म १२० वटा कन्टेन्ट उत्पादक/सम्प्रेषकलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनबमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्युरो पठाएको छ ।आयोगले अन्य नियमनकारी निकायलाई पनि जिम्मेवारी हस्तान्तरण गरेको छ । छ वटा घटनालाई दूरसञ्चार प्राधिकरण ऐनबमोजिम आवश्यक कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको छ । मिडिया र पत्रकारको आवरणमा पनि मिथ्या सूचना दिने गरिएको देखिन्छ । त्यस क्रममा १५ वटालाई प्रेस काउन्सिल ऐनबमोजिम कारबाहीका लागि प्रेस काउन्सिल नेपालमा पठाएको छ । निर्वाचन आयोगले ३४ वटालाई निर्वाचन आचारसंहिता, २०८२ बमोजिम कारबाहीका लागि केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार आयोगले दैनिक रूपमा सूचना विश्लेषण गर्न थालेको छ । निर्वाचन आचारसंहिता गत माघ ४ गते रातिदेखि आरम्भ भएको हो । आचारसंहिता लागु भएसँगै आयोगले कार्यान्वयन अनुगमन र नियमनको प्रक्रियालाई पनि सँगै अगाडि बढाएको हो । आचारसंहिता उल्लङ्घनमा मौखिक, लिखित तथा विद्युतीय माध्यमबाट पनि उजुरी दिन सकिने छ । यस पटक जिल्ला आचारसंहिता अनुगमन अधिकृतको हकमा विगतभन्दा केही नयाँ व्यवस्थासमेत गरिएको छ । आर्थिक र अन्य विषयलाई फरक गरिएको छ । सबै जिल्लाका आचारसंहिता अनुगमन अधिकृतसँगको कामकारबाही विवरण दैनिक रूपमा सोही समयमै केन्द्रमा आइरहेको छ । निर्वाचन आचारसंहिता अनुसार ७७ वटै जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेकका अन्य विषयमा प्रमुख कोष नियन्त्रक र कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकी काम भइरहेको छ ।

# घोषणापत्रको प्राथमिकता : फिल्मकर्मीको करिअर सुरक्षा



**रवीन्द्रसिंह बानियाँ**

चुनाव नजिकिँदै छ । राजनीतिक दलहरू घोषणापत्र लेख्दै छन्, आफ्ना वाचा र प्रतिबद्धता सार्वजनिक गर्दै छन् । समृद्धि, सुशासन, रोजगारी, पूर्वाधार जस्ता शब्दहरू सदाझैं यो पटक पनि दोहोरिनेछन् । तर, हरेक घोषणापत्रमा छुटिरहने एउटा गम्भीर विषय छ, त्यो हो– कला, फिल्म, रंगमञ्च र संस्कृति ! राज्यले कला र साहित्यलाई हेर्ने दृष्टिकोण गलत छ । यसलाई केवल 'मनोरञ्जन', फुर्सदको विषय वा 'लक्जरी' का रूपमा हेरिन्छ । पहिले गाँस, बास, कपास अनि बल्ल मनोरञ्जन भन्ने चलनै छ- हाम्रो समाजमा । सबै कुरालाई त्यसैअनुसार नै प्राथमिकतामा राखिन्छ । तर, असलमा त कलालाई 'सौम्य शक्ति' का रूपमा हेरिनुपर्छ । आजको विश्व र हाम्रो आफ्नै सामाजिक यथार्थले प्रमाणित गरेको छ– कलाबिना लोकतन्त्र अपूरो हुन्छ । र, संस्कृतिबिना राष्ट्र दिशाहीन हुन्छ । त्यसैले फिल्म केवल मनोरञ्जन होइन । यसले मानिसको सोच बदल्छ । मूल्य र निर्णयहरूमा गहिरो प्रभाव पार्छ । त्यसैले जसरी पहिले संसार जित्न जमिन जित्नुपर्थ्यो, अबको वर्तमान समयमा फिल्ममार्फत त्यो जित हासिल गर्न सकिन्छ । पर्यटनदेखि हाम्रो दर्शन, विश्वास र विविधता फिल्ममार्फतै संसारैभर पुग्न सक्छ । कुनै व्यक्तिले कहिल्यै नपुगेको देशलाई फिल्ममार्फत बुझ्न सक्छ, कुनै समुदायको दु:ख-संघर्ष, विस्थापन, प्रेम, करुणा र आक्रोशलाई एकैपटक अनुभूति गराइदिन्छ फिल्मले । कुनै एउटा फिल्मले जीवनप्रतिको दृष्टिकोण नै बदलिदिन्छ । मान्छेले आफूलाई हेर्ने तरिका बदल्छ, समाजलाई बुझ्ने तरिका बदल्छ, राज्यसँगको सम्बन्धको अर्थ बदल्छ । यही कारण बलिउडका कलाकार विश्वभरि नै चिनिन्छन् । कोरियन फिल्म र ड्रामाले आफ्नो भाषा र पर्यटन नै संसारभर फैलाएको छ । युरोपियन फिल्म दर्शन र मानवताको बहस बन्न पुगेको छ । यी सबै उदाहरणले देखाउँछन्– फिल्म राज्यको सौम्य शक्ति हो । त्यसैले यसलाई भई/पुगिआएपछिको भन्दा पनि राज्य विस्तारका लागि पहिलो आवश्यकताका रूपमा लिनुपर्छ भन्ने हाम्रो धारणा हो । र, मलाई लाग्छ- हाम्रो फिल्मको भविष्य र अस्तित्वमाथि हामीले असाध्यै गम्भीर भएर बहस गर्नुपर्ने समय आएको छ । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा फिल्म केवल उद्योग होइन, यो सांस्कृतिक अस्तित्व र भविष्यको प्रश्न हो । नेपालमा १ सय २२ भन्दा बढी भाषा छन् । यी भाषाहरू 'क्षेत्रीय' होइनन्, सबै नेपाल राष्ट्रका जीवित सभ्यता हुन् । थारू भाषाको फिल्मले तराईको इतिहास बोल्छ । तामाङ भाषाको फिल्मले पहाडको स्मृति बोकेर ल्याउँछ । मैथिली, लिम्बू, नेवारी, गुरुङ, शेर्पा वा डोटेली भाषाका कथाहरूले आफ्नै जीवनदृष्टि, आफ्नै नैतिकता, आफ्नै सौन्दर्यबोध प्रस्तुत गर्छन् । यी कथाहरू हराए भने भाषा मात्रै हराउँदैन- सामूहिक स्मृति, लोक ज्ञान, रहनसहनको बुद्धि र जीवनको दर्शन पनि हराउँछ । त्यसैले कला 'भाषा र पहिचान' सँग सिधै जोडिएको विषय हो । तर, आजको यथार्थ के छ ? मातृभाषामा बन्ने धेरै फिल्म बजेट, हल, प्रचार र वितरणबाट वञ्चित छन् । बजेट छैन, बजार छैन, दर्शक छैन । यसले यो विविधतालाई खुम्च्याइदिन्छ । समस्या भाषा होइन, दृष्टिकोण सानो बनाइनु हो । त्यसैले जबसम्म राज्य र दलले यसलाई 'राष्ट्रिय सम्पदा' भनेर हेर्दैनन्, तबसम्म समावेशी फिल्म बन्नु सम्भवै हुँदैन । त्यसैले दलहरूको घोषणापत्रमा मातृभाषाका फिल्म, मौलिक कथावाचन, सांस्कृतिक अभिलेखीकरण र बहुभाषिक वितरणका विषयमाथि स्पष्टसँग समेट्नु अत्यावश्यक छ । विश्व सिनेमाको परिदृश्यतिर हेर्ने हो भने यसको अभ्यास देखिन्छ । हलिउडले कथा, प्रविधि र बजारको संयोजनबाट विश्वमा प्रभाव पुर्‍यायो । छिमेकी राष्ट्र भारतकै फिल्मले भाषा, संगीत र स्टारडममार्फत विशाल दर्शक बनायो । कोरियन फिल्म र सिरिजले राज्यको दीर्घकालीन सांस्कृतिक नीति र निजी क्षेत्रको लगानीसँगै कोरियन वेभजस्तो सांस्कृतिक एजेन्डा बनायो, जसले पर्यटन बढायो, भाषा फैलायो, उत्पादन र ब्रान्डिङ बढायो । अहिले कोरियन खाना, भाषा, पहिरन र त्यहाँका पर्यटकीय क्षेत्रबारे हामीलाई कसैले केही भन्नै पर्दैन । उनीहरूका फिल्मले नजानिँदो शैलीमा ती विषय हाम्रो मगजमा घुसाइदिएका छन् । खासमा त्यो देश नपुगे पनि कोरिया हामीकहाँ आइपुग्यो फिल्ममार्फत । हिन्दी भाषा हामीले सिक्नै परेन, हिन्दी फिल्महरूले नै हामीलाई सिकायो । त्यसैले हाम्रा विविध भाषा, संस्कृति, दर्शनहरू हाम्रो पहुँच नपुगेकै ठाउँमा पुर्‍याउन फिल्मलाई त्यही रूपले नीतिगत तहमै समावेश गर्नुपर्छ । फिल्म त देश बोकेर परदेश जान सक्छ । त्यसैले देशलाई परदेशमा पुर्‍याउन फिल्म उपयुक्त माध्यम हो । युरोपियन फिल्मले अझै फरक बाटो समाएको छ–दर्शन, मानवअधिकार, सामाजिक न्याय र कलात्मक स्वतन्त्रताको माध्यम बनेर सानो बजारमा पनि ठूलो प्रभाव छोड्छ । नेपालले पनि आफ्नो कथा, भूगोल, जीवन-दर्शनलाई विश्वसँग संवाद गर्ने माध्यम बनाउनुपर्छ फिल्ममार्फत । पर्यटन प्रवर्द्धन, भाषा संरक्षण र अन्तर्राष्ट्रिय सहकार्यको 'पुल' बन्न सक्छ–

बाँकी तेश्रो पृष्ठमा⇨

# जेन-जी आन्दोलनको अवतरणका सर्त

**युवराज खत्री**

बाजे पुस्ताले प्रजातन्त्रका लागि लडे । बुबाहरूले बहुदल र गणतन्त्रका लागि जीवन समर्पित गरे । नातिनातिना तथा छोराछोरी पुस्ताले पनि २३ भदौमा लडाइँ लड्नुपर्‍यो । देशमा बहुदल, प्रजातन्त्र, गणतन्त्र तथा देश विकासका लागि आवश्यक पर्ने व्यवस्था हुँदाहुँदै नयाँ पुस्ताले नयाँ मागसहित आन्दोलन गरे । यी सबै आन्दोलनहरूमा केही मागहरू साझा छन्- देश विकास, भ्रष्टाचार अन्त्य र सामाजिक तथा आर्थिक विकास । यो लेख नेपालको नयाँ पुस्ताले गरेको कान्छो आन्दोलनमा आधारित छ । यस लेखमा जेन-जी आन्दोलनले ल्याएको नयाँ शक्तिहरूको उदय र उनीहरूको अवतरणमा केन्द्रित छ ।

विश्व इतिहासमा भएका जनविद्रोह तथा क्रान्तिहरूले नयाँ बहस सिर्जना गरेका छन् । नयाँ पुस्ताबाट हुने आन्दोलनले नयाँ शक्तिहरूको उदय भएको छ । सन् १७८९ मा भएको फ्रेन्च क्रान्ति एक ज्वलन्त उदाहरण हो । नागरिक स्वतन्त्रता, समानता, सामन्तवादको अन्त्य गर्न भएको यस क्रान्तिको अग्रभागमा युवा, वकिल तथा पत्रकारहरू थिए । म्याक्जिमिलियन रोबिस्पएर, क्यामिली देसमओहिन्सजस्ता युवाहरूले फ्रेन्च क्रान्तिको अगुवाइ गरेका थिए । यस क्रान्तिबाट नेपोलियन बोनापार्टको उदय भएको थियो । राजनीतिमा हुने राइट विंग र लेफ्ट विंगको बहस यस आन्दोलनले ल्याएको हो । त्यसैगरी १७७६ मा भएको अमेरिकन स्वतन्त्रता संग्रामले प्राजातान्त्रिक मूल्य मान्यता स्थापित गरेको थियो । २० औं शताब्दीमा भएको दक्षिण अफ्रिकन रंगभेदविरोधी आन्दोलनको जग सोवेटो विद्रोह हो । विद्यालयमा अध्ययनरत विद्यार्थीबाट सञ्चालन भएको सोवेटो विद्रोहले रंगभेदविरोधी आन्दोलनका रूपमा विस्तार भएको थियो । यी आन्दोलनहरूले नयाँ विचारधाराको सुरुवात गरेका थिए । त्यही विचारधारालाई आत्मसात् गर्दै नयाँ शक्तिको पनि उदय भएको थियो । वास्तवमा यी आन्दोलनहरूको अवतरण कसरी भयो भन्ने विषय निकै रोचक छ । फ्रेन्च आन्दोलनलगत्तै १७९५ को घटनाले राज्य शक्ति दलहरूबाट आर्मीमा सरेको आभास हुन्छ । नेपोलियन बोनापार्टले आफूलाई शक्ति केन्द्रमा राखेका थिए । १७७६ को अमेरिकन स्वतन्त्रता संग्रामले संविधानको निर्माण गरेको थियो । १७८७ मा लेखिएको उक्त संविधान अझै पनि अमेरिकामा कायम छ । त्यसैगरी रंगभेदविरोधी आन्दोलनको व्यवस्थापन तथा अवतरण सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापनाबाट भएको थियो । यी तीन वटा आन्दोलनहरूको अवतरणको प्रकृति हेर्दा, नेपालमा पनि हुने आन्दोलनमा पनि प्रभाव परेको देखिन्छ । २०१५ सालको संविधान प्रजातान्त्रिक आन्दोलनको उपलब्धि थियो । पञ्चायतकालमा महेन्द्रको उदय नितान्त शक्तिप्रतिको अभिलाषाबाट भएको थियो । यसले नेपोलियन बोनापार्टको शक्ति सञ्चय गर्ने प्रवृत्तिलाई झल्को दिन्छ । १० वर्षे जनयुद्धपश्चात् नेपालमा गठन भएको सत्य निरूपण तथा मेलमिलाप आयोगले दक्षिण अफ्रिकाको रंगभेदविरोधी आन्दोलनको अवतरणको झल्को दिन्छ । २३ भदौमा भएको जेन-जी आन्दोलनले ल्याएको नयाँ शक्तिहरूको लहर तथा पुस्तान्तरण, भ्रष्टाचार निर्मूलन, सामाजिक न्यायको जायज विषयले कसरी ठाउँ पाउँछन्, त्यो हेर्न बाँकी छ । २७ भदौमा सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्दै गर्दा जेन-जी आन्दोलनलाई कुनै सम्झौतामार्फत संस्थागत गराएर अगाडि बढ्नुपर्ने थियो । ढिलै भए पनि २४ मंसिर २०८२ मा अन्तरिम सरकार र जेन-जीबीच भएको १० बुँदे सम्झौताले सफल अवतरणतर्फ पक्कै लैजान्छ । यो सम्झौताले जेन-जी आन्दोलनमाथि उठेका अधिकांश प्रश्नको जवाफ पक्कै दिएको छ । विशेषगरी राजावादी र हिन्दु राष्ट्रको विषयलाई लिएर प्रश्नहरूको पहाड थियो । २४ मंसिरपश्चात् नेपालमा भइरहेको राजनीतिक समीकरण तथा गतिविधिहरू यही सम्झौतालाई आधार बनाएर भइरहेका जस्तो देखिन्छ । एक हिसाबले भन्नुपर्दा १० बुँदे सम्झौता वरिपरि नयाँ शक्तिहरू छन् । सम्झौताको बुँदा ३ ले भ्रष्टाचारको अन्त्य र राजनीतिज्ञको सम्पत्ति छानबिन गर्ने माग उल्लेख छ । यसको अर्थ हो, अबको नारा यतैतिर केन्द्रित हुनेछ । बुँदा ४ ले 'नोटा' सँग सम्बन्धित बहस सतहमा देखिन थालेको छ । यो सुविधाबाट मतदाताहरू यसपटक वञ्चित हुने पक्कापक्की छ । बुँदा ५ मा संविधान संशोधनसम्बन्धी सम्झौता छ । २३ भदौअघिको कांग्रेस-एमालेको गठबन्धन सरकार गठनको एउटा आधार यो पनि थियो । समावेशिता, पारदर्शिता, जवाफदेहिता, डिजिटल अधिकार जस्ता बुँदाहरू यस सम्झौतामा हुनु आफैंमा सुखद पक्ष हो । नयाँ तथा पुराना राजनीतिक दलहरूको एजेन्डा यही सम्झौता वरिपरि रहने पक्का छ । जेन-जी आन्दोलनको नैतिक अभिभावकत्व वहन गरेको रास्वपाले अब संघीयता मान्छ भन्ने कुरा बालेनको जनकपुर भाषणले प्रस्ट पारेको छ । २०७९ सालको निर्वाचनमा प्रदेशसभाको चुनाव बहिष्कार गरेको रास्वपाले संविधानको विषयमा प्रस्ट हुन आवश्यक छ । वर्तमान समयमा संविधान संशोधनको बहस सबै पार्टीमा चल्दै आएको छ । तर हामीले के बुझ्न आवश्यक छ भने, नेपालको संविधानको मूल मर्म संघीयता र समावेशिता हुन् । यी दुई पक्षलाई संशोधन गरेर झन् कमजोर बनाइयो भने 'प्यान्डोरा बक्स' खोले जस्तो पनि हुन सक्छ । यी प्रावधानको सुधार गर्नुपर्ने विषय धेरै छन् तर संघीयता र समावेशिताले राष्ट्रिय सहमति कायम गरेको तथ्यलाई नयाँ शक्तिहरूले स्विकार्न आवश्यक छ । नेपालको जेन-जी आन्दोलनलाई नयाँ शक्तिहरूले 'थर्मिडोरियन रियाक्सन' बाट बचाउनुपर्छ । 'थर्मिडोरियन रियाक्सन' फ्रेन्च क्रान्तिपछि देखिएको अवस्थालाई व्याख्या गर्ने क्रममा आएको हो । आन्दोलनपछिको तरल अवस्थामा नागरिकहरू संवैधानिक

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## भारतसँग अमेरिकाको व्यापार सहमति, भन्सार शुल्क १८ प्रतिशतमा झारियो



**काठमाडौं,२० माघ ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय सामाग्रीमाथि लाग्दै आएको भन्सार शुल्क २५ प्रतिशतबाट १८ प्रतिशतमा झारिएको घोषणा गरेका छन् । रुसबाट तेल खरिद बन्द गर्न भारत तयार भएसँगै ट्रम्पले यस्तो घोषणा गरेका छन् । भारतले अब अमेरिकामाथि लगाएका व्यापार अवरोधहरुलाई पनि कम गर्नेछ । त्यस्तै, रुसको साटो अमेरिका र भेनेजुएलासँग तेल किन्नेछ । 'नरेन्द्र मोदीको आग्रहमा उनीसँगको मित्रता र सम्मानका कारण हामी तत्कालै अमेरिका र भारतबीच व्यापार सम्झौता गर्न सहमत छौं,' मोदीसँगको टेलिफोन संवादपछि ट्रम्पले सामाजिक सञ्जालमा लेखेका छन् । ५ सय बिलियन डलरभन्दा धेरै मुल्य बराबरको अमेरिकी उर्जा, प्रविधि, कृषि र अन्य उत्पादक किन्नका लागि पनि मोदी प्रतिवद्ध रहेको ट्रम्पले बताएका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले यस निर्णयबाट खुसी रहेको बताएका छन् । 'मित्र ट्रम्पसँग कुराकानी गर्न पाउँदा निकै खुसी लागेको छ । भारतमा बनेका सामाग्रीमाथि अब भन्सार घटेर १८ प्रतिशतमात्रै लाग्नेछ, यसले हर्षित छु' मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'भारतका १ अर्ब ४० करोड जनताको तर्फबाट ट्रम्पलाई यस घोषणाका लागि धन्यवाद् छ ।' विश्का दुई ठूलो प्रजातान्त्रिक देशबीच लामो समय चलेको व्यापार तनावपछि यस्तो सहमति भएको हो । गत अगस्टमा ट्रम्पले भारतबाट अमेरिकामा आयात हुने सामाग्रीमा भन्सार शुल्क दोब्बर बनाएर ५० प्रतिशत पुर्‍याउने चेतावनी दिएका थिए । भारतलाई रुसी तेल खरिद नगर्नका लागि दबाब दिन यसरी भन्सार शुल्क बढाइएको थियो । यसै महिनाको सुरुवातमा अमेरिकाले रुससँग तेल खरिद बन्द गर्नका लागि फेरि दबाब दिएको थियो । भेनेजुएलाको तेल खरिद गर्न पनि अमेरिकाले आव्हान गरेको थियो । भारतले वर्षौंदेखि भेनेजुएलासँग तेल किनिरहेको थियो । पछिल्लोपटक एक वर्षअघिसम्म पनि भारतले भेनेजुएलाबाट तेल किनेको थियो । तर, अमेरिकामा ट्रम्प राष्ट्रपति चुनिएर आएसँगै भेनेजुएलाको तेल खरिद गर्नेहरुमाथि उनले प्रतिबन्ध लगाउन थाले । त्यसपछि भारत पछि हट्यो । अहिले त्यहाँका राष्ट्रपति निकोलास मदूरोलाई अपहरण गरेर अमेरिकाले मुद्दा चलाइरहेको छ । अब भेनेजुएलाको तेललाई अमेरिकाले नै विश्वबजारमा बेच्ने तयारी थालेको छ । यस विषयमा भेनेजुएलाकी अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिग्वेजले पनि सहमति दिएकी छिन् । भारतमा तेल आयात उच्च छ । यहाँ झन्डै ९० प्रतिशत तेल विदेशबाट आउँछ । सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेपछि पश्चिमा बजारमा रुसी तेलको निर्यात बन्द भयो । त्यसयता, रुसले सस्तोमा भारतलाई तेल बेच्दै आएको छ । जसकारण, रुससँग भारतको निर्भरता बढ्यो । तर पछिल्ला महिनामा भारतले यस निर्भरतालाई कम गर्न थालेको छ ।

## हिंसा र आशंकाबीच चुनावी संघारमा बंगलादेश




**काठमाडौं,२० माघ ।** अबको ९ दिनपछि अर्थात् २९ माघमा बंगलादेशमा ३ सय ५० सिटका लागि ४२ हजार केन्द्रमा मतदान हुने छ । नेपालमा जेन-जी विद्रोहपछि २१ फागुनमा नयाँ चुनाव हुँदै छ भने बंगलादेशमा पनि अगस्ट २०२४ मा त्यहाँका युवा विद्यार्थीको आन्दोलनबाट शेख हसिना सरकार अपदस्थ भएको डेढ वर्षपछि चुनाव हुन लागेको हो । नोबेल पुरस्कार विजेता मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारले चुनाव गराउन लागेको हो । बंगलादेशमा एक दशकभन्दा बढी समय शासन गरेकी हसिनाको अनुपस्थितिमा डेढ दशकपछि बंगलादेशमा चुनाव हुन लागेको हो । बंगलादेशको निर्वाचन आयोगका अधिकारीहरूका अनुसार यस पटकको चुनावमा १ सय २० मिलियन मतदाता भोट हाल्न योग्य छन् । यो चुनावलाई बंगलादेशमा एकातिर देशको राजनीतिक भविष्यको निधो गर्ने र अर्कोतिर प्रस्तावित राजनीतिक सुधारको टुंगो लाग्ने अपेक्षासहित हेरिएको छ । अनि, यसलाई २०२६ मा हुने विश्वको सबैभन्दा ठूलो निर्वाचनका रूपमा पनि लिइएको छ । **जेन-जी मतदाता निर्णायक**

हसिना नेतृत्वको शासनलाई त्यहाँका युवा विद्यार्थीको नेतृत्वमा भएको आन्दोलनले हटाएको हो । अनि, आउने चुनावमा पनि तिनै युवा विद्यार्थी राजनीतिको शीर्षस्थानमा कसलाई ल्याएर राख्ने भन्नेमा निर्णायक हुनेछन् । बंगलादेशी निर्वाचन आयोगको तथ्यांकअनुसार ४३.५६ प्रतिशत मतदाता १८ देखि ३७ वर्ष उमेर समूहका युवा छन्, जसमध्ये धेरैजसोले पहिलो पटक मतदान गर्दै छन् । यस चुनावलाई 'जुलाई चार्टर' माथिको जनमत संग्रहका रूपमा पनि हेरिएको छ । विद्यार्थी आन्दोलनपछि जुलाई २०२५ मा 'राजनीतिक सुधारको ब्लुप्रिन्ट' तयार पारिएको थियो । जुन मस्यौदामा कार्यकारीको अधिकार कटौती गर्ने, न्यायालयको स्वतन्त्रता बढाउने, निर्वाचन आयोगलाई सुदृढ गर्ने र कानुन कार्यान्वयन गर्ने निकायको राजनीतिक दुरुपयोग रोक्ने लगायतका विषय समावेश गरिएको छ । मतदान केन्द्रहरूमा उक्त बडापत्रमाथि पनि मतदान हुनेछ । यसमा युवा मतदाता निर्णायक हुने अनुमान गरिएको छ । बडापत्रमा बंगलादेशमा दर्ता भएका ५२ मध्ये २५ वटा दलले हस्ताक्षर गरेका छन् । तर, यसका समर्थकले यसलाई लागू गर्न जनमत संग्रह गर्न आवश्यक रहेकामा जोड दिएका छन् । बंगलादेशको दूरसञ्चार नियमन प्राधिकरणका अनुसार १ सय ७० मिलियन जनसंख्यामध्ये १ सय ३० मिलियनले इन्टरनेट चलाउँछन् । यीमध्ये धेरै युवा वर्ग नै छन् । अनलाइनमार्फत आफ्ना मतदाता प्रभावित पार्न मुख्य दुई दलले 'डिजिटल क्याम्पेनिङ' लाई महत्त्व दिएका छन् । बंगलादेशी नेसनलिस्ट पार्टी (बीएनपी) ले ' म्याच माई पोलिसी डटकम' नामक वेबसाइट सञ्चालनमा ल्याएको छ, जहाँ मतदाताले उसको नीति प्रस्तावमाथि सहमति र विमति जनाउन सक्छन् । यदि यो दलले चुनाव जितेको खण्डमा त्यहाँ व्यक्त विचारसहित परिमार्जित गरिएको नीति लागू गर्नेछ । अर्को दल जमात-ऐ-इस्लामीले पनि 'जनतारिस्तेहार डट ओआरजी' नामक वेबसाइट सञ्चालनमा ल्याएको छ ।

उसले चुनावी घोषणापत्र बनाउन यहींबाट मतदाताको सुझाव मागेको थियो । वेस्ट्रन सिड्नी युनिभर्सिटीका फेलो मुबासहर हसनका अनुसार यी दुई पार्टीले फरक फरक चुनावी रणनीति अपनाएका छन् । उनका अनुसार बीएनपीका अनलाइन सामग्री, सर्ट भिडियो, भिडियो अनि कार्डहरूमा आफ्नो पार्टी नीतिको प्रचार गरिएको हुन्छ । अर्कोतर्फ जमात-ऐ-इस्लामीले चाहिँ बीएनपी पनि अवामी लिगभन्दा फरक नभएको भन्दै उसविरुद्ध डिजिटल सामग्री बनाइरहेको छ भने मतदाता फकाउन भारतविरोधी भावसहितका सामग्रीमा विशेष जोड दिइरहेको छ । डेढ दशकपछि हुन लागेको आमनिर्वाचनमा प्रतिबन्धका कारण हसिना र उनको दल अवामी लिग चुनावी मैदानमा देखिने छैनन् ।

### घोषणापत्रको............

फिल्म । यसका लागि दलहरूको घोषणापत्रमा 'फिल्म-राष्ट्रिय हित' भनेरै उल्लेख गर्नुपर्छ । तर, हाम्रो राज्यको नेतृत्वमा रहेकाहरू वा नागरिक र सरोकारवालाहरूमा यो क्षेत्रमाथिको बुझाइ नै पर्याप्त छैन । शनिबार कुनै शिक्षकले हलमा विद्यार्थीलाई भेट्यो भने आइतबार खुकुरा बनाउने कुरा हामीले नै भोगेका हौं । फिल्म मनोरञ्जन मात्रै वा सूचना मात्रै वा सञ्चार मात्रै हो भनेर बुझिन्थ्यो/बुझिन्छ । तर, यसलाई संस्कृति र साहित्यका रूपमा हेरिन्न । अझै पनि ' बिग्रेकाहरू' लाग्ने क्षेत्रका रूपमा फिल्मलाई हेरिन्छ । त्यसैले त हामी फिल्म क्षेत्र २०२६ सालको ऐनमाथि नै चलिरहनुपरेको छ । आवश्यकता ठानिएको भए पक्कै प्राथमिकतामा राखिन्थ्यो होला । ५६ वर्षपछि बल्ल राष्ट्रिय सभामा पेस हुने भएको छ हाम्रो फिल्म ऐन । त्यसैले हामी नयाँ कानुनका लागि लबिइङ गरिरहेका छौं । हाम्रै नागरिकमा पनि फिल्म साक्षरताको अभाव छ । यहाँ अन्तर ष्ट्रिय महोत्सव वा विभिन्न देशसँग फिल्मसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि गर्न सकियो भने हाम्रो फिल्मलाई हेर्ने नजर नै पूर्ण रूपमा बदलिने थियो । संसदीय निर्वाचनबाट संसद्मा जानेहरू कानुन नै बनाउन जाने हुन् । त्यसैले हाम्रो माग छ- चलचित्र विधेयक सरोकारवालाले दिएको सुझावअनुसारै पारित होस् । त्यही हो, ५६ वर्षको ऐनलाई अबको समयसापेक्ष बनाउनुपर्छ । फिल्मको सेन्सर नै समयसापेक्ष हुनुपर्छ । सेन्सरले नियन्त्रण होइन, त्यसलाई वर्गीकरण गरिदिनुपर्छ । ताकि आफूलाई मन परेअनुसारको फिल्म बनाउने अधिकार फिल्मकर्मीबाट नछुटोस् । अभिव्यक्ति स्वतन्त्रता र सामाजिक जिम्मेवारीबीच सन्तुलन कायम गर्ने आधुनिक वर्गीकरण प्रणाली नै लोकतान्त्रिक राज्यको चिह्न हो । साभार ईकान्तिपुर ।

### जेन-जी आन्दोलन.......

स्थायी सरकार, उदार अर्थतन्त्र खोजिरहेका हुन्छन् । यस्तै तरल अवस्थामा यथास्थितिवादीहरू एकजुट भएर फाइदा लिन खोज्छन् र आन्दोलनलाई विफल पार्न हरसम्भव प्रयास गर्छन् । यही 'रियाक्सन' लाई थर्मिडोरियन भनिन्छ । यसले पुरानै दल र प्रवृत्तिलाई पुनर्जन्म दिन्छ । जेन-जी आन्दोलनपछि सिर्जना भएको तरल अवस्थाको फाइदा लिन एमाले प्रयासरत छ । उसले सरकारको संवैधानिकता तथा अन्य आयामलाई औंल्याउँदै पुराना शक्ति एक हुनुपर्छ भन्ने नारा नै चलाएको जस्तो दखिन्छ ।

२१ फागुनको निर्वाचनपछिको नेपाललाई लिएर नेपाली आशावादी भएका छन् । सँगसँगै अर्को डर पनि जन्मिएको छ । त्यो डर हो, 'पपुलिजम' को । राज्य सञ्चालनमा विभिन्न संयन्त्र, संस्था, कर्मचारीतन्त्र, प्रहरी सबैको महत्त्वपूर्ण भूमिका हुन्छ । राज्य सञ्चालनको आफ्नै विधि हुन्छ । वर्तमान समयमा संवैधानिक संस्था, अदालत तथा राज्य संयन्त्रमाथि नागरिकको विश्वास कम भएको छ । यस्तो विकराल अवस्थालाई नयाँ शक्तिहरूले कसरी समाधान गर्न सक्छन् वा नागरिकहरूको विश्वास पुनःस्थापित गर्न के कस्तो उपाय अपनाउँछन् ? यो प्रश्न उठाउनुपर्नेछ । क्षमताबाहिरका एजेन्डा उठाउँदा राज्य संयन्त्रमाथि व्यक्ति हाबी भइदिन सक्छ । अहिलेको अवस्थामा राज्य संयन्त्रप्रति विश्वास गर्नु नै फलदायी हुन्छ । यसले निर्वाचन प्रक्रियाको वातावरण पनि सहज बनाउँछ ।संक्षिप्तमा, यस आन्दोलनको सफल अवतरण निर्वाचनपश्चात् बन्ने सरकारको कार्यमा निर्भर हुन्छ । साभार ईकान्तिपुर ।

### प्रेस चौतारीको............

लहरलाई अझ सुदृढ बनाउन यी नेताहरूले आफ्नो सक्रियता निरन्तर राख्ने संकेत पनि दिएका छन् ।


### पर्सामा जसपा.............

मजबुत देखिएको छ ।समग्रमा, यस निर्वाचनमा जसपा नेपालको चारै निर्वाचन क्षेत्रमा मत प्रतिशत घट्ने ('मिटर डाउन') सम्भावना रहेको विश्लेषण भइरहेका छन् । यद्यपि, पार्टीका नेताहरू र उम्मेदवारहरूले संगठन मजबुत रहेको, मुद्दा मधेश केन्द्रित भएको र चारै क्षेत्रमा जित सुनिश्चित हुने दाबी भने निरन्तर गर्दै आएका छन् ।

नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्

# स्वास्थ्य

## महिनावारी हुने र सुक्ने समयमा किन परिवर्तन आउँदैछ ?



विगतमा किशोरावस्थामा पुगेपछि किशोरीमा महिनावारी सुरु हुन्थ्यो । तर अहिले यो उमेर घटेर ९-१० वर्षमा झरेको छ । अर्थात् उमेर नपुग्दै बालिकामा महिनावारी चक्र सुरु भएको छ । पछिल्लो समय महिनावारी हुने उमेर घट्नुका साथै रजोनिवृत्ति हुने उमेर पनि घटेको छ । धेरै महिलाको पहिलो महिनावारी उसको पारिवारिक पृष्ठभूमिको आधारमा पनि निर्धारण हुने गर्छ । आमा तथा हजुरआमाको पहिलो महिनावारी कुन उमेरमा भएको हो, त्यसको आधारमा पनि ती घरकी महिलाको महिनावारी मापन गर्न सकिन्छ, जुन आनुवंशिक कारणमध्येमा पर्ने स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. जागृति खनाल बताउँछिन् । 'पछिल्लो समय महिनावारी हुने उमेर धेरैमा घट्दो छ, त्यसको एउटा कारण बदल्दो जीवनशैली हो । पहिलेका बालिका शारीरिक रुपमा सक्रिय हुन्थे, त्यसैले पनि उनीहरूको महिनावारी हुने अलि ढिलो हुने गर्थ्यो' डा. खनाल भन्छिन्, 'अहिले जीवनशैली एकदमै निष्क्रिय भएको छ । पछिल्लो समय मोटोपनको कारण पनि महिनावारीको समस्या बढ्दै गएको छ ।' अहिलेका बालबालिका पढाइ लगायत विभिन्न तनावमा पनि हुन्छन् । साथै थाइराइडको डिसअर्डर र जलवायु परिवर्तनले गर्दा पनि यस्तो समस्या देखिएको खनाल बताउँछिन् । नयाँ अनुसन्धानले संयुक्त राज्य अमेरिकामा किशोरीहरूमा कम उमेरमै महिनावारी सुरु हुन थालेको देखाएको छ । दूषित वायुलाई त्यसका लागि जिम्मेवार ठानिएको छ । **छिटो महिनावारी सुक्ने कारण**

४० वर्षमुनिका महिलामा महिनावारी सुक्नुलाई छिटो रजोनिवृत्ति भनिन्छ । रजोनिवृत्ति सामान्यतया ४५ देखि ५० वर्षको उमेरमा सुरु हुन्छ । तर कतिपय महिलामा चाँडै अर्थात् ४० देखि ४५ वा ४० भन्दा अघि पनि रजोनिवृत्ति सुरु हुन्छ । चाँडै रजोनिवृत्तिको कारण धेरै हुने डा. खनाल बताउँछिन् । 'प्रकृतिले महिलालाई जन्मिने बित्तिकै निश्चित अण्डा दिएको हुन्छ । उमेर बढ्दै गएपछि महिनावारी चक्रपिच्छे अण्डा खर्चिंदै जान्छ र अण्डा सकिएपछि रजोनिवृत्ति हुन्छ । 'जस्तो १२ वर्षको उमेरभन्दा पहिले नै महिनावारी हुने महिलाहरूमा महिनावारी सुक्ने सम्भावना ४० देखि ४४ वर्षको उमेरबीच हुने गरेको पाइन्छ ।' यदि आमाको चाँडै रजोनिवृत्ति भयो भने छोरीलाई पनि चाँडै रजोनिवृत्ति हुन्छ । यस बाहेक त्यहाँ केही अटोइम्युन अवस्था वा अटो इम्युन सिनड्रोम छन्, जुन महिलामा बढी सामान्य हुन्छन् जसको कारणले गर्दा समयभन्दा पहिले नै महिनावारी रोकिने खनालले बताइन् । 'यदि पाठेघर सानै उमेरमा हटाइन्छ वा क्यान्सरको उपचार गराइरहेको छ र केमोथेरापी गराइरहेका छन् भने पनि महिनावारी समयभन्दा पहिले नै बन्द हुनसक्छ । प्रि-मेनोपजको अर्को कारण धुम्रपान पनि हो । धुम्रपान गर्ने धेरै महिलामा पनि रजोनिवृत्ति चाँडै हुन्छ,' उनी भन्छिन् ।महिनावारी सुक्ने बेलामा धेरै महिलामा विभिन्न स्वास्थ्य समस्या देखा पर्छन् । यसको बारेमा पूर्ण ज्ञान अर्थात् जानकारीले समस्या सम्बन्धी चिन्ता र बोझ कम गर्न मद्दत गर्ने डा. खनाल बताउँछिन् ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# उपेन्द्र यादवद्वारा सङ्घीयता, पहिचान र समानुपातिक प्रतिनिधित्वमा जोड



**सप्तरी,२० माघ ।** जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष तथा सप्तरी-३ का प्रतिनिधिसभा उम्मेदवार उपेन्द्र यादवले मुलुकको समावेशी विकास र पिछडिएका जाति तथा समुदायको हक-अधिकार सुनिश्चित गर्न सङ्घीयता, पहिचान र समानुपातिक प्रतिनिधित्वलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिएका छन्। सोमबार रुपनी गाउँपालिका-६, तेरहौतामा आयोजित चुनावी भेटघाट कार्यक्रममा अध्यक्ष यादवले मधेशी, आदिवासी जनजाति, थारु, दलित लगायत समुदायको लामो आन्दोलनबाटै देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको स्मरण गराएको हो । उनले उत्पीडित समुदायका हक-अधिकार सुनिश्चित गर्न मधेस आन्दोलनले हासिल गरेका उपलब्धिहरूको संरक्षण गर्नु आवश्यक रहेको बताए। अध्यक्ष यादवले भने, "पहिचानको आन्दोलनबाट प्राप्त अधिकारको रक्षा र थप अधिकार प्राप्तिका लागि संघर्ष जारी छ। त्यसैले जसपा नेपालका उम्मेदवारहरूको जित अपरिहार्य छ ।" उनले मधेश आन्दोलनको महत्वमा प्रकाश पार्दै उल्लेख गरे, "मधेशी, महिला, दलित, जनजाति, थारु, मुस्लिम र अन्य अल्पसंख्यक समुदायको कोटा मधेश जनविद्रोहकै कारण सुनिश्चित भएको हो । यदि मधेश आन्दोलन नभएको भए अन्य पार्टीहरूमा पनि मधेशीले स्थान पाउँदैनथे ।" नेपालमा एकमात्र मधेश प्रदेश पहिचानको आधारमा स्थापना भएको भए पनि जनसंख्याको आधारमा करिब ६० प्रतिशत मधेशी भए पनि विकास बजेट मात्र ११ प्रतिशत दिइँदै आएको भन्दै उनले अपेक्षित विकास हुन नसकेको गुनासो गरे । आदिवासी, दलित तथा मधेशी जनताको हक-अधिकार सुनिश्चित गर्न सबैले एकताबद्ध भएर अघि बढ्नुपर्नेमा उनले जोड दिए । उनले पछिल्ला ३५ वर्षसम्म कांग्रेस-कम्युनिस्ट सरकारले भ्रष्टाचार र लुटतन्त्र बाहेक काम गर्न नसकेको र उद्योग-कलकारखाना बन्द हुनु, सरकारी विद्यालय र अस्पतालहरू निजीकरण हुँदै धराशायी बनाइएको आरोप पनि लगाए । कार्यक्रममा स्थानीय नेता पृथ्वीराज दासको अध्यक्षतामा स्वस्तिका चौधरी र चुल्हाइ मण्डल (समानुपातिक उम्मेदवार), उपाध्यक्ष पुष्पा श्रेष्ठ लौगी, पूर्व उपाध्यक्ष बेचनीदेवी सरदार, वडा नं. ६ का वडाध्यक्ष बद्री नारायण सरदार, स्थानीय जनप्रतिनिधि, नेताकार्यकर्ता, बुद्धिजीवी र समाजसेवीहरू उपस्थित थिए ।

# सरकारले संघीयताको भावना अनुसार काम गर्न सकेको छैन : कृष्ण सिटौला



**काठमाडौं,२० माघ ।** नेपाली कांग्रेसका नेता एवं राष्ट्रिय सभा सदस्य कृष्ण प्रसाद सिटौलाले संघीयता भावना अनुसार संघीय सरकारले काम गर्न नसकेको बताएका छन् । सिंहदरबारमा मंगलबार बसेको राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिमा सिटौलाले जुनसुकै दलको नेतृत्वमा सरकार बनेपनि संघीयता भावना अनुसार संघीय सरकारले काम नसकेको बताएका हुन् । अहिले प्रदेश र स्थानीय तहका सरकार केन्द्रको मातहतको जस्तो देखिएको उनको भनाइ छ । संघीयताको भावना बोकेको प्रदेशहरूले पनि आफ्नो अधिकार प्रयोग गर्नै नसकेको भन्दै उनले संविधानले अनुसूचीमा रहेको अधिकारको बाँडफाँटको सूचीमा समेत समस्या रहेको धारणा बताए । सिटौलाले कतिपय ठाँउमा प्रदेश सरकारभन्दा बढी स्थानीय सरकारले राम्रो काम गरेको देखिएको उल्लेख गरे । उनले संघीयताको कार्यान्वयन सम्बन्धमा प्रतिनिधिसभा, राष्ट्रिय सभा दुवैले मिलेर एउटा साझा दृष्टिकोण बनाउनुपर्ने बताए । बैठकमा अन्तरतह विधायिकी अन्तरसम्बन्ध सम्बन्धी भ्रमणको समीक्षा र मस्यौदा प्रतिवेदनमाथि छलफल भएको थियो ।

# निर्वाचन आचारसंहिता उल्लङ्घनविरुद्ध सप्तरी प्रशासनको कडा निर्देशन




**सप्तरी,२० माघ ।** फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२लाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण बनाउन जिल्ला प्रशासन कार्यालय सप्तरीले निर्वाचन आचारसंहिता कडाइका साथ पालन गर्न सबै सरोकारवालालाई निर्देशन दिएको छ । जिल्ला प्रशासनले जारी सूचनामा सञ्चार प्रतिष्ठान, कर्मचारी, सञ्चारकर्मी, राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई कसैको पक्ष वा विपक्षमा प्रचार नगर्न आग्रह गरेको छ । विशेषगरी एसएमएस, सामाजिक सञ्जाल, अनलाइन, छापा र विद्युतीय माध्यममार्फत आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रयोग गरेर वा नगरी प्रचार सामग्री प्रकाशन, प्रसारण वा शेयर गर्न नहुने सूचनामा स्पष्ट उल्लेख गरिएको छ । साथै, सामाजिक सञ्जालमा पोस्ट, रिपोस्ट, शेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन जस्ता गतिविधि गर्न वा गराउन नहुने चेतावनी पनि जारी गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवका अनुसार, आचारसंहिता उल्लंघन भएमा निर्वाचन आचारसंहिता २०८२ अनुसार कारबाही गरिनेछ । जिल्ला प्रशासनले सबै सरोकारवालालाई आचारसंहिता पालन गरी निर्वाचनलाई मर्यादित, निष्पक्ष र विश्वसनीय बनाउन सहयोग गर्न आग्रह गरेको छ ।

# अध्यक्ष घिसिङले बारामा चुनावी अभियान तीव्र बनाए

**बारा,२० माघ ।** उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले बारामा मतदातासँग प्रत्यक्ष संवाद गर्दै आफ्नो चुनावी अभियानलाई तीव्र बनाएका छन् । घिसिङले सोमबार बिहान सिमरा एयरपोर्टबाट भ्रमण सुरु गरेका थिए । उनी लामिडाँडा, रामनगर हुँदै टाङ्गिया बस्ती पुगेका थिए, जहाँ कोणसभा आयोजना गरिएको थियो । टाङ्गिया बस्तीमा करिब १७-१८ सय घर रहेका छन् र यहाँ अन्य आधारभूत सुविधा भने पर्याप्त छैनन् । अध्यक्ष घिसिङले भ्रमणको क्रममा बस्तीमा बत्ति जडानको पहल समेत गरेका थिए, जसले स्थानीय जनताको जीवनस्तर सुधार्ने अपेक्षा गरिएको छ । भ्रमणको क्रममा उनी रामनगरमै रात्रीभोज गरी बस्तीमा बसेका थिए भने भोलिपल्ट कलैया र प्रसौनामा पनि मतदातासँग भेटघाट गरेपछि सिमरा एयरपोर्टबाट काठमाडौं फर्किएका छन् ।

# भारतमा जागिरको प्रलोभन देखाएर नेपाली युवक अपहरण गर्ने गिरोहका दुई सदस्य पक्राउ

**सिरहा,२० माघ ।** भारतको बिहार राज्यमा रोजगारीको प्रलोभन देखाई नेपाली युवकलाई बन्धक बनाइ फिरौती असुल्ने गिरोहका दुई सदस्यलाई सिरहा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा कल्याणपुर नगरपालिका-७ भेडियाका २६ वर्षीय सुरज मुखिया र लहान नगरपालिका-११ पररिया चोकका २२ वर्षीय प्रशान्त चौधरी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार उनीहरू भारत-नेपाल सीमापार आपराधिक गिरोहसँग संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । प्रहरीका अनुसार प्रतिवादीहरूले कल्याणपुर-७ निवासी २८ वर्षीय ऋषिकेश कुमार मरिकलाई अनलाइनमार्फत सम्पर्क गरी भारतको गयास्थित एक निर्माण कम्पनीमा आकर्षक जागिर लगाइदिने भन्दै फकाएका थिए। गत पुस २० गते मरिकलाई भारतको बोधगया पुर्‍याई त्यहाँस्थित एक होस्टलमा बन्धक बनाइएको थियो । बन्धक बनाएपछि मरिकको मोबाइल फोन तथा शैक्षिक प्रमाणपत्र खोसी कोठाभित्र थुनेर कुटपिट र मानसिक यातना दिइएको, साथै ज्यान मार्ने धम्की दिँदै परिवारसँग क्युआर कोड तथा बैंक खातामार्फत २ लाख १७ हजार २०० रुपैयाँ फिरौती असुलेको प्रहरीले जनाएको छ। साथै मरिकसँग रहेको ३० हजार भारतीय रुपैयाँ नगदसमेत लुटिएको थियो । पछिल्लोपटक तालिमको नाममा आपराधिक क्रियाकलाप सिकाउन थालेपछि मरिक मौका पाएर ज्यान जोगाउँदै नेपाल फर्किन सफल भएका थिए ।

उनले माघ १५ गते जिल्ला प्रहरी कार्यालय सिरहामा जाहेरी दिएपछि घटनाबारे अनुसन्धान अगाडि बढाइएको हो । सोही अनुसन्धानका क्रममा सुरज मुखियालाई माघ १६ गते कल्याणपुरबाट र प्रशान्त चौधरीलाई माघ १७ गते लहानबाट पक्राउ गरिएको सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए । प्रहरीले पक्राउ परेका दुवै जनामाथि शरीर बन्धक सम्बन्धी कसुरमा अदालतबाट म्याद थप गरी विस्तृत अनुसन्धान गरिरहेको जनाएको छ ।

# ग्रिनसिटी अभियानमा योगदान पुर्‍याएको भन्दै जय प्रकाश खेतान सम्मानित



**वीरगन्ज,२० माघ ।** ग्रिनसिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष जय प्रकाश खेतानलाई वीरगन्जमा सरसफाइ, हरियाली प्रवर्द्धन र मैत्री पुल क्षेत्रको सीमा सौन्दर्यकरण अभियानमा उल्लेखनीय योगदान पुर्‍याएको भन्दै सम्मान गरिएको छ। सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वाटर पर्साले खेतानलाई सम्मान गरेको हो ।

अभियानमा वीरगन्ज महानगरपालिकाको सक्रिय सहकार्य रहेको थियो । खेतानले संयोजकको रूपमा छोटो समयमै असम्भव कामलाई सम्भव बनाउँदै उदाहरणीय नेतृत्व प्रस्तुत गरेको उल्लेख गरिएको छ ।

हालै पर्साका नवनियुक्त सशस्त्र प्रहरी उपरीक्षक मोहन बहादुर क्षेत्रीले खेतानलाई दोसल्ला ओढाएर प्रशंसा-पत्र प्रदान गर्दै सम्मानित गरेका छन् । कार्यक्रममा उपरीक्षक क्षेत्रीले खेतानको नेतृत्व र समाजसेवाप्रतिको सक्रियताको प्रशंसा गर्दै आगामी दिनमा पनि वातावरण संरक्षण र सामाजिक सेवामा निरन्तर सक्रिय रहन

भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।

❖मौलिक संस्कृतिको रक्षा गरौं।
❖राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
❖मातृभाषाको सम्मान गरौं।
❖परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
❖महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
❖सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
❖सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
❖आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा